हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ५ | मितिः २०७८।०१।०७

## भाग- ३

# हेटौंडा उपमहानगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७४ को पहिलो संशोधन, २०७८

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि संशोधन जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** यस संशोधनको नाम " हेटौंडा उपमहानगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ को को पहिलो संशोधन २०७८" रहेको छ।

**२. दफा २ को उपदफा च. संशोधन र २ को उपदफा छ. थपः** दफा २. च. "समिति" भन्नाले दफा ५. (१) बमोजिम गठित छनौट एवं सिफारिस समिति सम्झनु पर्दछ।

दफा २. छ."परिक्षा" भन्नाले लिखित, अन्तरबार्ता, प्रयोगात्मक सिप, परिक्षण, व्यावसायिक प्रस्तुतीकरण र अवलोकन समेत सम्झनु पर्दछ।

**३. दफा ३ को उपदफा (२) संशोधनः** दफा ३. को उपदफा (२) कार्यालयले देहायको सेवासँग सम्बन्धित प्राविधिक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछः

(क) इन्जिनियरिङ्ग सेवासँग सम्बन्धित

(ख) कृषि सेवासँग सम्बन्धित

(ग) पशु सेवासँग सम्बन्धित

(घ) वन सेवासँग सम्बन्धित

(ङ) स्वास्थ्य सेवासँग सम्बन्धित

(छ) कानूनी परामर्श सेवा

(ज) सरसफाई तथा वातावरण सेवा

(झ) कम्प्युटर सेवा

(ञ) सूचना प्रविधी सेवा

(ट) विविध सेवा (कार्यालय सहयोगी, सवारी चालक)

(ठ) नगर प्रहरी सेवा

(ड) अन्य कुनै प्राविधिक सेवासँग सम्बन्धित ।

**४. दफा ४ को उपदफा ३ संशोधनः** दफा ४. को उपदफा (३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५(१) को समितिले मूल्याङ्कन गरी सुचीकृत गर्नुपर्नेछ :

**क.** शैक्षिक योग्यता वापत - १० (दश) अङ्क, (विशिष्ट श्रेणी वापत १०, प्रथम श्रेणी वापत ८, द्धितीय श्रेणी वापत ६, तृतीय श्रेणी वापत ४, (त्रिभुवन विश्वविद्यालयको अङ्क गणनाका आधारमा) ।

**ख.** कार्य अनुभव वापत - ५ (पाँच) अङ्क (प्रतिवर्ष १ अङ्कको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।

**ग.** स्थानीयतालाई देहाय बमोजिम - १० (दश) अङ्क

१. सम्बन्धित उपमहानगरपालिकाको बासिन्दा भएमा - १० अङ्क

२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा- ७ अङ्क

३. सम्बन्धित प्रदेशको बासिन्दा भएमा- ४ अङ्क

४. प्रदेश बाहिरको बासिन्दा भएमा — १ अङ्क

**घ.** लोपोन्मुख/सिमान्तकृत/अति सिमान्तकृत/एकल महिला/ भएमा –५ अङ्क

**ङ.** अन्तरवार्तामा अधिकतम् २० अङ्क। यस अनुसार अकं प्रदान गर्दा न्यूनतम ८ (आठ) र अधिकतम् १४ (चौध) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

**५. दफा ५ संशोधनः** दफा ५. छनौट एवं सिफारिस समिति(१)माग पद सङ्ख्याका आधारमा कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम् अङ्क प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र परिक्षा समेत लिई सिफारिस गर्न देहायको छनौट एवं सिफारिस समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) नगर प्रमुखले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी -सदस्य

(ग) संयोजकले तोकेको विषय क्षेत्रगत शाखा/महाशाखा प्रमुख -सदस्य

(घ) सामान्य प्रशासनशाखा/महाशाखा प्रमुख- सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार उपसमिति बनाई कर्मचारी छनौट तथा सिफारिस सम्बन्धी कार्य गर्न सक्नेछ।

(३) समितिले आवश्यकता अनुसार कर्मचारी छनौट तथा सिफारिस सम्बन्धमा विषय विशेषज्ञ सेवा लिन सक्नेछ।

(४) उम्मेदवार छनौटको स्वरुप (Modality) समितिले निर्धारण गर्नेछ।

**६. दफा (७) मा उपदफा थपः** दफा ७. को उपदफा (९) हेटौंडा उपमहानगरपालिका अन्तर्गत विभिन्न सेवा र पदमा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई निजहरुको योग्यता र कार्यदक्षताको आधारमा कार्यपालिकाको सहमतीमा सेवा करार गरी काममा लगाउन सकिनेछ।

**७. दफा (१०) थपः** दफा १०. बाधा अड्काउ फुकाउन सक्नेः- यस कार्यबिधी कार्यान्वयनको क्रममा आउने बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

**८. दफा (११) थपः** दफा ११. संशोधन वा खारेजी गर्न सक्नेः- नगरकार्यपालिकाले यस कार्यविधिलाई आवश्यक संशोधन वा खारेजी गर्न सक्नेछ।

**९. दफा (१२) विविधः (**संशोधन र थप गर्ने क्रममा विविध दफा १० बाट १२ भएकोले) दफा १२. विविधः यस कार्यविधि कार्यान्वयनको क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी उपमहानगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

आज्ञाले

शिवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति २०७८।०१।०७

हेटौडा राजपत्र